# स्थानीय राजपत्र

घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ संख्या १८ मितिः २०७७/१०/१९

## भाग–२

## घिरिङ गाउँपालिकाको नदीजन्य प्राकृतिक पदार्थ वयवस्थापन मेशनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि

**घिरिङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पोखरीछाप, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

# नदीजन्य प्राकृतिक पदार्थ व्यवस्थापनमा मेशनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधी, २०७७

स्विकृत मितिः २०७८/०३/२४

प्रमाणिकरण मितिः २०७८/०३/२५

**प्रस्तावना :** घिरिङ गाँउपालिका क्षेत्रभित्र सञ्चालन भएका तथा सञ्चालन हुने पालिका स्तरिय, प्रादेशिक तथा राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य प्राकृतिक पदार्थहरु ढुङ्गा, गिटी, बालुवा सहज र व्यवस्थित रुपले उपलव्ध गराउन मेशनरी उपकरणको प्रयोग गर्न आवश्यक देखिएकोले सो कार्यलाई सरल, सहज र प्रभावकारी वनाउन, घिरिङ गाँउपालिकाको कार्यपालिकाको वैठकले घिरिङ गाँउपालिकाको वातावरण संरक्षण ऐन, २०७७ को दफा ६६ वमोजिम यस कार्यविधी वनाई लागु गरेको छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "नदीजन्य प्राकृतिक पदार्थहरु व्यवस्थापन कार्यविधी २०७७" रहेको छ।

(२) यो कार्यविधि घिरिङ गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाँउ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

ख) "नदीजन्य प्राकृतिक पदार्थ" भन्नाले ऐन र यस कार्यविधि बमोजिम नदी किनारको ढुङ्गा, गिटी, बालुवा, माटो समेतलाई जनाउँछ।

ग) "कार्यपालिका" भन्नाले घिरिङ गाउँपालिकको कार्यपालिकालाई सम्झनु पर्छ।

घ) "मेशनरी उपकरण" भन्नाले नदीजन्य प्राकृतिक पदार्थहरु उत्खनन् तथा संकलनका लागी प्रयोग गरिने टायरवाला एक्साभेटर, व्याकहोल लोडर वा सोही प्रकृतिको अन्य उपकरणलाई सम्झनु पर्दछ।

ङ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

च) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव

कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा योजनालाई सम्झनु पर्छ ।

३. उद्देश्य: यस कार्यविधिको उद्देश्य गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण कार्यलाई आवश्यक पर्ने स्थानीय नदीजन्य सामाग्रीहरु ढुङ्गा, गिटी, वालुवा मेशनरी उपकरणको प्रयोग गरी सरल, सहज रुपमा सम्वन्धित योजनालाई उपलव्ध गराउनु रहेको छ साथै विपद्जन्य अवस्थामा ढुङ्गा, गिटी, वालुवा लगायतका सामाग्रीहरुको व्यवस्थापन पनि यसै कार्यविधी अनुसार गरिनेछ ।

४. अनुमती लिन पर्नेः (१) नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्न मेशनरी उपकरण प्रयोग गर्नु पर्ने पालिका स्तरिय, प्रादेशिक वा राष्ट्रिय गौरवका आयोजनाहरुले अनुसुची (१) वमोजिम अनुमति लिनु पर्नेछ तथा बाढी पहिरो भूक्षय जस्ता अन्य प्राकृतिक प्रकोपको कारण जम्मा भएको पदार्थहरु जोखिम न्यूनीकरणको लागि हटाउनुपर्ने अवस्था भएमा पनि यसै कार्यविधि वमोजिम मेशनरी उपकरण प्रयोग गर्न सकिनेछ।

(क) उपदफा

(१) वमोजिम अनुमतीका लागी सम्वन्धित आयोजना प्रमुखले अनुसुची १ वमोजिम गाँउपालिकामा आवश्यक कागजपत्र सहित निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा

(१) वमोजिम गाँउपालिकाले प्रस्तावित उत्खनन् तथा संङ्कलन स्थलको अनुगमन तथा निरिक्षण गरी सोको आधारमा कार्यपालिकाको वैठकले अनुसुची (२) वमोजिम अनुमती प्रदान गर्नेछ ।

(२) उत्खनन् तथा संङ्कलनको अनुमति प्राप्त आयोजनाले गाँउपालिकाको नियमानुसार राजश्व वा अन्य रकम सम्वन्धित निकायमा वुझाउनु पर्नेछ ।

५. अन्य क्षेत्रमा प्रयोग गर्न नहुनेः

(१) अनुसुची (२) वमोजिम अनुमती प्राप्त आयोजनाहरुका लागि संकलित सामाग्रीहरु अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन ।

(२) अनुसुची (२) वमोजिम अनुमति प्राप्त आयोजनाहरुले नदी तटिय क्षेत्र भण्डारण तथा अन्य स्थानमा घाटगद्धी गर्न पाईने छैन ।

(३) अनुसुची (२) वमोजिम अनुमती प्राप्त आयोजनाहरुले अन्य प्रयोजनमा उपयोग गर्न पाईने छैन सो भएको पुष्टी भएमा नियमानुसार जरिवाना गरि सम्वन्धित आयोजनावाट असुलउपर गरिनेछ ।

६. अनुगमन तथा निरिक्षणः

(१) अनुसुची (२) वमोजिम अनुमति प्राप्त स्थानहरुवाट भएको उत्खनन् तथा संकलन कार्यको गाँउपालिकाले नियमित रुपमा अनुगमन गर्नेछ । अनुगमन कार्य गाउँपालिकाको अनुगमन समितिले गर्नेछ र आवश्यकता अनुसार जिल्ला

अनुगमन समिति तथा अन्य सरोकारवाला निकायले पनि अनुगमन गर्न सक्नेछन।

(२) अनुगमनको चेक लिस्ट अनुसूची ३ बमोजिम हुनेछ।

७. थपघट तथा हेरफेरः

(१) यो कार्यविधीमा आवश्यकता अनुसार कार्यपालिकाको वैठकले थपघट तथा हेरफेर गर्न सक्नेछ।

अनुसूची १

(मेशनरी उपकरण प्रयोगका लागि अनुमती माग गर्ने निवेदन)

मितिः

श्री अध्यक्ष ज्यू

घिरिङ गाँउपालिका,

घिरिङ, तनहुँ।

विषयः अनुमती पाँउ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयमा ........... वाट सञ्चालित ............. योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागी मेशनरी उपकरण प्रयोग गर्नु पर्ने भएकोले नियमानुसार मेशनरी उपकरण प्रयोगको अनुमती प्रदान गरिदिनु हुन आवश्यक कागजपत्र सहित यो निवेदन पेश गरेको छु।

१) योजनाको नामः

२) योजना कार्यान्वयन गर्ने व्यवशायीको नाम, ठेगनाः

३) योजनाको लागतः

४) योजनाको सम्पन्न हुने अनुमानित मितिः

५) योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अनुमानित परिमाणः

६) पायक पर्ने नजिकको उत्खनन् तथा संकलन स्थानः

७) उत्खनन् तथा संकलनका लागि प्रयोग हुने मेशनरी उपकरणको प्रकार र संख्याः

८) ढुवानीका लागी प्रयोग हुने सवारी साधन संख्याः

निवेदकको हस्ताक्षर

नाम.....................

ठेगना..............

म्पर्क नः

अनुसूची २

(भारी उपकरण प्रयोग गरि नदीजन्य प्राकृतिक पदार्थ व्यवस्थापन गर्दा सहमति दिने विवरण)

नदी/घाटको नाम:

ठेगाना:

उत्खनन, संकलन कर्ता/व्यवसायी कम्पनि:

| क्र. स. | विवरण | | पहिलो स्थान | दोश्रो स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण | तल्लो बिन्दु | | | IEE प्रतिबेदन वा प्राबिधिक प्रतिबेदनले निर्धारण गरेको परिधि भित्र |
| | | माथिल्लो बिन्दु | | | |
| | | लम्बाई | | | |
| | | चौडाई | | | |
| | | गहिराइ | | | |
| | | ढुंगा:ग्रावेल:बालुवा | | | |
| २ | नदिजन्य पदार्थ उत्खन/ संकलनको अवस्था | सहमति दिइएको परिमाण | | | IEE प्रतिबेदन वा प्राबिधिक प्रतिबेदनले निर्धारण गरेको परिमाण नबढ्ने गरि |
| | | हालसम्म उत्खनन परिमाण | | | |
| | | बाँकी परिमाण | | | |
| ३ | प्रयोग गरिने भारी उपकरणको विवरण | संख्या | | | |
| | | नाम | | | |
| | | नम्बर | | | |
| ४ | पहुँचमार्ग | | | | |
| ५ | भारी उपकरण प्रयोग गर्ने समयावधि | समयावधि | | | |
| | | प्रतिदिन | | | |
| | | समय | | | रातको समयमा नगर्ने |
| ६ | सुपरभिजन तथा समन्वय | प्राबिधिक/ कर्मचारी/ प्रतिनिधि | | | |
| | | स्थानीय समुदायबाट प्रतिनिधि | | | |
| ७ | अनुगमन संयन्त्र | गाँउपालिका अनुगमन समिति | | | |
| ८ | रिपोर्ट गर्ने तरिका र बिधि | | | | |
| ९ | अन्य | | | | |

## अनुसूची ३

### घिरिङ गाँउपालिका अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिस्ट

नदी/घाटको नाम:

ठेगाना:

उत्खनन, संकलन कर्ता/व्यवसायी कम्पनि:

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग भएका मेशिनको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | उत्खनन्, संकलन, ढुवानीको समय पालना भएको | | |
| ५ | तोकिएको अधिकतम नापको मापदण्ड पालना भएको | | |
| ६ | उत्खनन्, संकलनको अधिकतम परिमाण पालना भएको | | |
| ७ | जम्मा गर्ने काम नदी/खोला तटीय क्षेत्रमा नगर्ने बिषय पालना भएको | | |
| ८ | दैनिक उत्खनन/संकलन अभिलेख | | |
| ९ | दैनिक बिक्रि ढुवानी तेरिज | | |
| १० | उत्खनन्, संकलनको परिमाण, चारकिल्लाको रेखांकन सहितको नाप नक्सा राखेको | | |
| ११ | पहुँचमार्गमा धुलो उड्न नदिन दैनिक पानि छर्किने प्रवन्ध | | |
| १२ | उत्खनन्, संकलन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको व्यवस्था गरेको | | |
| १३ | तोकिएको ढाँचाको सूचना पाटी राखेको | | |
| १४ | ढुवानी र ओसारपसार सम्बन्धि मापदण्डको पालना | | |
| १५ | तोकिएको बजार मुल्यको पालना | | |
| १६ | अन्य कुनै बिषय | | |

आज्ञाले

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत